"स्वच्छ समृद्ध सुसंस्कृत इलाम"

# इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## कुवाधारा, इलाम
## Ilam Municipality
## Office of the Municipal Executive

☎प्रमुख/ उप प्रमुख ...........
का.अ./लेखा ५२००६०
योजना/प्रशासन ५२००६५
दमकल/खानेपानी ५२००३०
फ्याक्स नं. ५२००३१

१ नं. प्रदेश, नेपाल

प.सं. : प्र.शा.( )०७४।०७५
च.नं.

मितिः-२०७५।१।१४

**विषय : सूचना प्रकाशन सम्बन्धमा ।**

श्री इलाम पोस्ट दैनिक,
इलाम ।

यस कार्यालयको निम्नानुसारको सूचना १ पटक प्रकाशन गरी ७ दिन भित्रमा बिल र २ प्रति पत्रिका समेत यस कार्यालयमा पठाई भुक्तानी लिन हुन अनुरोध छ ।

**बोधार्थ :–**

श्रीमान् प्रमुखज्यूको सचिवालय, इलाम न.पा. इलाम ।
श्री आर्थिक प्रशासन शाखा
इलाम न.पा. : उल्लिखित सूचना प्रकाशन वापतमा रु ६००।०० का दरले भुक्तानीको व्यवस्था मिलाउन अनुरोध छ ।
श्री नगर सूचना केन्द्र इ.न.पा./श्री राजश्व शाखा, इ.न.पा. /
श्री इलाम नगरपालिका, ...........नं. वडा कार्यालय
.........................इलाम : उल्लेख भए अनुसारको सूचनाको छायाँप्रति त्यस कार्यालयको सूचना पाटीमा टाँस गर्न हुन र सूचनामा उल्लेख भए अनुसारका शैक्षिक कार्यक्रम सञ्चालकहरुको नामनामेसी विवरण संकलनका लागि आजैदेखि सामाजिक परिचालकलाई फिल्डमा खटाई सो विवरण ७ दिन भित्रमा वडा शिक्षा समिति र यस कार्यालयको राजश्व शाखामा प्राप्त हुने गरी पठाउन हुन अनुरोध छ ।
शिक्षा अधिकृत श्री डम्बर ब. सुवेदी
शिक्षा शाखा, इलाम न.पा. : यस कार्यालयको राजश्व शाखाबाट उल्लेख भए अनुसारको तथ्याङ्क प्राप्त गरी अभिलेख अद्यावधिक गरी नगर शिक्षा समितिलाई जानकारी गराउन हुन अनुरोध छ ।
सूचना प्रविधि अधिकृत श्री सञ्जय घिमिरे,
इलाम न.पा. : उल्लिखित सूचनालाई यस कार्यालयको वेवसाइटमा राख्ने व्यवस्था मिलाउन हुन अनुरोध छ ।

**इलाम नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, इलामको**
**मिति २०७५/१/१४ को सूचना**

इलाम नगरपालिका, शिक्षा नियमावली, २०७४ को नियम १०९ अनुसार इलाम नगर क्षेत्रमा अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा जस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्न नपाइने व्यवस्था भएको हुनाले उल्लेख भए अनुसारका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने व्यक्ति वा संस्थाले सो कार्यको अनुमतिका लागि यस कार्यालयमा वडा कार्यालयको सिफारिससहित सम्पर्क राख्न हुन र यस अघि सम्बन्धित निकायबाट अनुमति लिई सञ्चालनमा रहेका उल्लिखित शैक्षिक कार्यक्रम सञ्चालकहरुले आफूसँग भएको अनुमतिपत्र, प्रशिक्षकहरुको व्यक्तिगत विवरण, शुल्कको विवरण र कार्ययोजना लगायतका कागजातहरु यस कार्यालयको राजश्व शाखामा यथाशीघ्र पेश गरी तोकिएको व्यवसाय कर समेत समयमै दाखिला गर्न हुन अनुरोध छ । बिना अनुमति उल्लिखित शैक्षिक कार्यक्रम सञ्चालन गर्नु गैरकानुनी हुने भएको र त्यस्ता शैक्षिक कार्यक्रम सञ्चालकहरुलाई कार्वाही तथा जरिवाना समेत हुने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।